Tukwila SCHOOL DISTRICT
*a world of possibility*
4640 S. 144th St. Tukwila, WA 98168 | (206) 901-8000 | tukwilaschools.org

**लाई**: सबै कर्मचारी एवं परिवारहरू

**बाट**: अधीक्षकको कार्यालय

**मिति**: मार्च १२, २०२०

**बिषय** : बन्द घोषणा

तपाईंहरुलाई थाहै छ, हामी अभूतपूर्व स्वास्थ्यको गम्भीर संकटमा छौं। गएका केहि हप्ता हामी येही समस्याले तनावपूर्ण रहेका थियौं।

आज गभर्नर इन्स्लीले किंग, पियर्स र स्नोहोमिश काउन्टीका सबै स्कूलहरु मंगलबार मार्च १७ देखि बन्द गर्ने आदेश दिएका छन्। यद्यपि वाशिंगटन स्टेटका गभर्नर जे इन्स्ली आज दिएको निर्देशन अनुसार तुक्विला स्कूल डिस्ट्रिकटले सबै स्कूलहरू सोमवार मार्च १६ देखि शुक्रवार अप्रिल २४ सम्म बन्द हुने छ। सोमबार अप्रिल २७ मा स्कूल खुल्ने छ।

गभर्नरको कार्यालयले भने अनुसार दुई हप्ता वा सो भन्दा कम स्कूल बन्द गर्नाले भाइरसको फैलने दरमा खासै कमी आउदैन। गभर्नरको निर्देशन, हाल देखिएको तथ्यांक र इपिडियोलोजिकलको मोडल अनुसार समय बढाएर स्कूल बन्द गरिएको छ।

यसबाट धैरै परिवारलाइ कठिनाइ हुन्छ भन्ने हामीले बुझेका छौ, हामी तपाईंको धैर्यता र सहयोगको कदर गर्दछौं। राज्य र स्थानीय स्वास्थ्य अधिकारीहरूले भने मुताझिक हामीले संभब भए सम्म स्कूल खुला राखेका थियौं। शिक्षाका अतिरिक्त स्कूलले हाम्रो
समुदायलाई ठूलो सहयोग गरेको छ र हामीलाइ थाहा छ यो बन्दले हाम्रो परिवारहरुलाइ ठूलो असर पार्नेछ।

हामी विद्यार्थी र परिवारका लागि निम्न आवश्यक सेवाहरूको बारेमा हामी जानकारी सेयर (बाड्न) गर्न चाहन्छौं:

**<u>ब्रेकफास्ट र लन्च (दिउँसोको खानाको) सेवाहरु</u>**

छानिएका स्थानहरूमा बच्चाहरूका लागि ब्रेकफास्ट र लन्च उपलब्ध गराइने छ। विस्तृत जानकारी तपाईको प्रत्येक स्कूल समुदायमा आउनेछ।

**<u>विद्यार्थीको  औषधिहरू</u>**

अधिकार प्राप्त परिवारका सदस्यहरूले विद्यार्थीहरुको औषधीहरू शुक्रवार, मार्च १३ अथवा सोमबार, मार्च १६ का दिन स्कूल समएमा लिन सक्नु हुनेछ।

**<u>बन्दको बेला सिक्ने</u>**

पब्लीक इन्सट्रकसन्को सुपरिटेन्डेन्ट कार्यालय (ओ एस पीआई) ले लामो समय सम्म अनुपस्थिति हुदा वा स्कूल बन्द हुदा कसरी सिक्ने भन्ने बारेमा सिफारिस गरेको छ।  त्यो सिफारिसले तुक्विला स्कूल डिस्ट्रिकटले विद्यार्थीहरूलाइ डिस्टयान्स शिक्षा (अनलाइन ) प्रदान गर्न सक्दैन। डिस्ट्रिकटले सबै विद्यार्थीको समान क्षमता छ भनेर नभने सम्म ओ एस पीआई ले अनलाइन डिस्टयान्स लर्निङ्ग मोडेलको सिफारिश गर्दैन। यस्तै नै छ भनेर तुक्विला स्कूल डिस्ट्रिकटले  भन्न सक्दैन। यदि ओ एस पीआई ले  आफ्नो सिफारिशलाइ अध्याबधिक गरेमा त्यो समयमा हामी हाम्रो अपसनहरु पुनरमुल्याकन गर्नेछौ।

बिद्यार्थीहरूका लागि शुक्रबार मार्च १३ का दिन स्कूल खुलेने छ भने सोमबार, मार्च १६ का दिन कर्मचारीहरुलाइ ग्रेडिंग पुरा गर्न, स्रोतहरू जम्मा गर्न र काम सिधाउनका  लागि स्कूल खुला रहने छ।

**<u>बच्चाको हेरचाह (चाइल्डकेयर)</u>**

बच्चाहरुको हेरचाहको बारेमा "के गर्ने" भन्ने बारेमा हामी हाम्रा पार्टनर संग कुरा गर्दैछौ। बिस्तृत कुरा आउन बाकी छ।

जब स्कूल डिस्ट्रिकट बन्द हुन्छ, तब विद्यार्थीहरु सके सम्म घरमै बसुन, भिडभाडमा नजाउन  जसले गर्दा रोग सर्नमा कमि हुन जावोस भनेर स्वास्थ्य सेवा बिभाग सिफारिश गर्दछ।

किंग काउन्टी पब्लिक हेल्थको अद्यावधिक गरिएको गाईडेंस  अनुसार क्रियाकलाप गर्न र सोहि अनुसार आचरण गरि भाइरसलाइ फैलन बाट रोक्न हामी सबै परिवारहरुलाइ अनुरोध गर्दछौ।

यो कठिन समयमा यहाहरुले  देखाउनु भएको धैर्यता र समझदारीको हामी कदर गर्दछौं र हामी हाम्रा विद्यार्थीहरु र परिवारका लागि महत्त्वपूर्ण सेवा जारी राख्न काम गर्दछौं।

कोरोना भाइरसले हामीलाइ दिएको चुनौतीका बारेमा हामीले  गरेको काम प्रति यहाँहरुले  देखाउनु भएको धैर्यका लागि हामी तुक्विला समुदायको कदर गर्दछौं।

अत्यन्त राम्रो समुदाय भएकोमा धन्यबाद।

फ्लिप हर्नडन
सुपरिटेन्डेन्ट,तुक्विला स्कूल डिस्ट्रिकट